'स्वच्छ लघुवित्त, हाम्रो अभियान'
दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन
Second National Microfinance Members' Summit
मंसिर १५-१६, २०७५ (December 1-2, 2018), काठमाडौं, नेपाल

स्वच्छ लघुवित्त निर्माण गर्ने संकल्प गर्दै सकियो दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन

काठमाडौं । पन्ध्रबुँदे घोषणापत्र जारी गर्दै दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन सकिएको छ । घोषणापत्रले 'स्वच्छ लघुवित्त, हाम्रो अभियान' भन्ने नारालाई मूर्त रूप दिन सम्मेलनका सहभागी सदस्यहरु अभियानकर्ताको रुपमा परिणाममुखी कार्यमा केन्द्रित हुनुपर्ने, वित्तीय साक्षरतालाई सबै लघुवित्तले सञ्चालन गर्नुपर्ने, लघुवित्तको पहुँच विस्तारमा अघि बढ्नुपर्ने, स्वास्थ्य तथा कर्जा बीमा कार्यान्वयनमा बीमा प्रदायक संस्थासँग समन्वय गर्ने, सदस्यलाई ऋणको भार पर्न नदिने गरी कर्जा प्रवाह गर्नुपर्ने, लघुवित्तले जीवनस्तरमा पारेको प्रभाव मापन गरी स्तर वृद्धि मापन कार्ड प्रदान गर्ने लगायत १५ बुँदा समेटेको छ ।

सम्मेलनको समापन कार्यक्रममा उपस्थित भएका अर्थमन्त्री डा. युवराज खतिवडाले लघुवित्तले दिगो विकासमा सघाउ पुऱ्याएको बताए । उनले दिगो विकासको अवधारणामा लघुवित्तको प्रयोग सफल उदाहरण भएको उल्लेख गरे । साथै, सम्मेलनले जारी गरेको पन्ध्र बुँदे घोषणापत्र कार्यान्वयनमा सरकारले सघाउने प्रतिबद्धता समेत व्यक्त गरे । उनले भने, "तपाईंहरू अघि-अघि दौड्नु भएको छ, लघुवित्तको पछाडी सरकार दौडिरहेको छ । पन्ध्रबुँदे घोषणापत्र, राष्ट्र बैंकले गरेको व्यवस्था र ऐन नियममा भएको व्यवस्था जुन तपाईंहरूलाई चित्त बुझ्दैन त्यसमा कार्यदल बनाएर अघि बढौं । हामी समस्या भएका व्यवस्थाहरू संशोधन गर्न तयार छौं ।"

समापन समारोहमा बोल्दै सांसद लीलानाथ श्रेष्ठले गरिबी र अशिक्षालाई हटाउन र देशको समृद्धिका लागि सरकारको मात्र मुख नताक्न आग्रह गरे । देशको समृद्धिका लागि सबैपक्षबाट काम हुनुपर्ने उनको भनाइ छ ।

ऋणीको क्षमता नहेरी आवश्यकताभन्दा बढी कर्जा दिने, ऋण लिनेले पनि बढी माग गर्ने जस्ता कुरा मान्यताभन्दा बाहिर भएको सांसद श्रेष्ठको भनाइ छ ।

अर्का सांसद तुलसा थापाले विपन्न वर्गलाई उठाउन र विशेष गरी महिलाहरूलाई अगाडी बढाउन लघुवित्तले ठूलो भूमिका खेलेको बताइन् । सम्मेलनमा देखिएको उपस्थितिले पनि अब महिला एक्लै छैनन् उनीहरूलाई साथ दिन लघुवित्त छ भन्ने प्रमाण दिएको उल्लेख गरिन् ।

स्वच्छ लघुवित्तको संकल्प गर्दै सहभागीहरु

किसान बहुउद्देश्यीय सहकारी संस्था लि.का सञ्चालक शुभनाथ देवकोटाले लघुवित्तबाट हुने कर्जा प्रवाहमा र प्रयोगमा इमान्दारिता भयो भने विपन्नको जीवनस्तर सुधार्न मद्दत पुग्ने बताए । उनले बैंकहरूले धनीलाई मात्र ऋण दिने तर लघुवित्तले विपन्नलाई ऋण दिने भएकाले त्यसको सही सदुपयोगका लागि सचेत गराए ।

आयोजकको तर्फबाट बोल्दै आयोजक समितिका सदस्य पद्मासना शाक्यले लघुवित्तले विपन्नलाई गरिबीबाट बाहिर ल्याएको र महिला सशक्तिकरणमा टेवा दिएको बताइन् ।

सम्मेलनमा विभिन्न क्षेत्रबाट आएका र लघुवित्तले आफ्नो जीवनमा ल्याएको परिवर्तनका बारेमा १६ जना महिलाले आत्मकथा सुनाएका थिए ।

लघुवित्तले जीवन परिवर्तन गरेको प्रसंग सुनाउँदै गीता चौधरी (लघुवित्तबाट ऋण लिएर आफैं व्यवसाय गरेको व्यक्तिले) पहिले काम नपाएको र अहिले आफू चार/पाँच जना कामदार राख्ने हैसियतमा भएको बताएकी थिइन् ।

मंसिर १५ र १६ गते राजधानीमा भएको सम्मेलनको औपचारिक समापन आयोजक समितिका अध्यक्ष शंकर मान श्रेष्ठले गरेका छन् । समापन अगाडी श्री श्रेष्ठको आह्वानमा सबै सहभागीहरुले उभिएर 'स्वच्छ लघुवित्त' अभियान अगाडी बढाउन "लघुवित्तमा देखिएका विकृति विसंगति हटाई लघुवित्त स्वच्छ राख्न आ-आफ्नो क्षेत्रका एवं सम्पर्कमा आउने लघुवित्त सदस्य एवं सम्भाव्य सदस्यहरुलाई आफ्नो आवश्यक्ता र क्षमताभन्दा बढी कर्जा नलिन र दुरुपयोग नगर्न सजग गराउने र लघुवित्तको विश्वसनीयता र छविमा आँच आउने कुनै पनि कार्य गर्ने र गराउने छैन" भनी संकल्प गरेका थिए । साथै, श्री श्रेष्ठले संयोजक संस्था स्वावलम्बन विकास केन्द्रले यो अभियानमा लाग्ने सहभागी ग्राहक सदस्यहरु एवं कर्मचारीहरुको कार्य सम्पादन मूल्यांकन गरि सर्वश्रेष्ठ १० जना ग्राहक सदस्यहरु तथा ५ जना कर्मचारीहरुलाई प्रति व्यक्ति रु. २५,०००/- को पुरस्कार प्रदान गर्ने घोषणा पनि गरेका थिए ।

सम्मेलनको अन्तमा आयोजक समितिका अर्का सदस्य डा. सुमित्रा मानन्धर गुरुङ्गले सम्बन्धित सबैलाई धन्यबाद ज्ञापन गर्नु भयो । यस अघि २०७३ मा पहिलो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन भएको थियो । सम्मेलन प्रत्येक दुई/दुई वर्षमा हुँदै आएको छ ।

दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन २०७५ को घोषणा

१. 'स्वच्छ लघुवित्त, हाम्रो अभियान' लाई कार्यान्वयन गरी मूर्त रुप दिन सम्मेलनका सहभागी सदस्यहरु आ-आफ्नो क्षेत्रमा आफ्नो संस्थाको अभियन्ताको रुपमा कार्य गरी परिणाममुखी बनाउन अठोट गर्ने ।

२. वित्तीय साक्षरता कार्यक्रम प्राथमिकताका साथ सम्पूर्ण लघुवित्त संस्थाहरुले अभियानको रुपमा संचालन गरी 'स्वच्छ लघुवित्त, हाम्रो अभियान'लाई साकार एवं सफल पार्ने ।

३. लघुवित्तमा हालसम्म पहुंच नभएका तथा दुर्गम स्थानका अति विपन्न वर्गमा समेत पुऱ्याउन कार्ययोजना बनाई प्राथमिकताका साथ लघुवित्त सेवाको पहुंच विस्तार गर्ने ।

४. लघुवित्त संस्थाहरुले सुशासन, लघुवित्तको सिद्धान्त, मूल्यमान्यताको पूर्ण पालना हुने गरी प्रतिबद्धताका साथ लघुवित्त कार्यक्रम संचालन गर्ने ।

५. लघुवित्त संस्थाहरुले आफ्ना सदस्य एवं परिवारहरुको हित एवं सुरक्षाको लागि स्वास्थ्य तथा कर्जा बीमा लगायत विभिन्न बीमा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न बीमा प्रदायक संस्थाहरुसँग समन्वय गरी लागू गर्ने ।

६. लघुवित्त कार्यक्रममा संलग्न लघुवित्त संस्थाहरु र सहकारीहरुले कर्जा साख सूचना (CIC) लिने एवं दिने नियमको पूर्ण पालना गरी 'स्वच्छ लघुवित्त, हाम्रो अभियान'को मर्म अनुरुप एक जना एक लघुवित्त संस्थामा रही सदस्यको आवश्यकता एवं क्षमताको मूल्यांकन गरी आवश्यक रकम मात्र कर्जा प्रवाह गर्ने र सदस्यहरुलाई अनावश्यक अधिक ऋण भारको जोखिममा पर्न बाट जोगाउने कार्यनीति तुरुन्त अवलम्बन गर्ने ।

७. लघुवित्त संस्थाका नीति निर्माताहरु (संचालक समिति समेत) ले ग्राहक सदस्य प्रति जिम्मेवार भई ग्राहक सदस्यहरुको व्यवसाय, सीप तथा क्षमता विकासका साथै सदस्यहरुको हित संरक्षण हुने एवं उद्यमशीलता बढाउने कार्यमा नीति बनाई लागू गर्ने । साथै उत्पादित वस्तु बजारीकरणको व्यवस्था र सहजीकरण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

८. स्थानीय स्तरमा रहेका उद्यम विकास गर्ने कार्यालयहरुसंग समन्वय गरी लघुवित्त सदस्यहरुलाई उद्यमशीलता विकासका तालिमहरु दिई उद्यमी बनाउन स्थानीय स्तरमा उपलब्ध सीप, साधन र स्रोतमा आधारित उद्यम एवं सृजनशील कार्यका लागि प्रत्येक लघुवित्त संस्थाले आवश्यक रणनीति तयार गरी लागू गर्ने ।

९. लघुवित्त कार्यक्रमको सेवाबाट ग्राहक सदस्यको जीवनस्तरमा पारेको प्रभावको स्तर मापन नियमित रुपमा गर्न प्रत्येक संस्थामा ईकाईको स्थापना गर्ने र सो ईकाईले ग्राहक सदस्य स्तर वृद्धि मापन कार्ड (Growth Record Card) तयार गरी प्रत्येक सदस्यलाई उपलब्ध गराउने र सोको निरन्तर अनुगमन गर्ने ।

१०. लघुवित्त कार्य गर्ने सहकारी संस्थाहरुलाई संशोधित सहकारी ऐन २०७४ मा ५, ७, र १० प्रतिशत आयकर तिर्नू पर्ने व्यवस्था रहेकोमा २० प्रतिशत आयकर लिने गरेकोले सहकारी ऐन २०७४ अनुसार आयकर लिने व्यवस्था कार्यान्वयनको लागि नेपाल सरकार, अर्थ मन्त्रालय र सहकारी विभागलाई अनुरोध गर्ने ।

११. उद्योग मन्त्रालय अन्तरगत कम्पनी रजिष्ट्रार कार्यालयले नेपालको लघुवित्त कार्यक्रमलाई प्रभावकारी भूमिका खेलेको गैर सरकारी संस्थालाई अप्राकृतिक संस्था भनि उनीहरुले लघुवित्त वित्तीय संस्थाहरुमा लगानी गरेको संस्थापक सेयर विक्री गर्नु पर्ने भनी गरेको निर्देशन कम्पनी ऐन विपरित समेत भएको हुँदा गैर सरकारी संस्थाहरुले लघुवित्त वित्तीय संस्थामा लगानी गर्न नपाउने निर्देशन खारेज गर्न नेपाल सरकार, उद्योग मन्त्रालयलाई अनुरोध गर्ने ।

१२. लघुवित्त संस्थाहरुले लघुवित्तको दिगोपना तथा गरिबी न्यूनीकरण लक्ष्यलाई दृष्टिगत गरी सन् २०३० सम्ममा गरिबी शून्यमा झार्ने गरी लघुवित्त कार्यक्रमलाई अभियानको रुपमा संचालन गर्ने ।

१३. लघुवित्त संस्थाहरुले विगत केहि वर्ष देखि सेवा तथा कर्जा विस्तारमा अनअपेक्षित रुपमा नगद प्रवाहमा अभावको सामना गर्नु परेको छ । यसको दीर्घकालीन समाधानका निम्ति लघुवित्त संस्थाहरुलाई निक्षेप संकलन गर्न दिने स्वीकृतीको लागि नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने ।

१४. ग्राहकहरुको स्वामित्वमा लघुवित्त संस्थाहरुको संरक्षण र प्रवर्द्धन गर्न सर्वसाधारण शेयर एवं विक्री गर्न चाहने संस्थापक शेयर समेत सम्बन्धित संस्थाका ग्राहक एवं ऋणीहरुले खरिद गर्न सक्ने व्यवस्था गर्न नेपाल राष्ट्र बैंक र धितोपत्र बोर्डलाई अनुरोध गर्ने ।

१५. लघुवित्त संचालन गर्दै आएका संस्थाहरु बाहेक नयाँ लघुवित्त संस्था दर्ता नगर्न नेपाल राष्ट्र बैंकलाई अनुरोध गर्ने ।

वित्तीय साक्षरताबिना लघुवित्त क्षेत्र बलियो हुँदैन

काठमाडौं । वित्तीय साक्षरता बिना लघुवित्त क्षेत्र बलियो तथा सफल नहुनेमा सरोकारवालाहरूले जोड दिएका छन् ।

"वित्तीय सारक्षरता र ग्राहक संरक्षण किन र कसरी भन्ने सत्रमा बोल्दै मानुषी लघुवित्त वित्तीय संस्थाकी प्रमुख कार्यकारी अधिकृत शोभा बज्राचार्यले वित्तीय साक्षरता नहुँदा ऋणलाई आम्दानीका रूपमा हेर्ने गलत प्रवृत्ति बसेको बताइन् । त्यस्तो ऋण सही ठाउँमा प्रयोग हुन नसक्दा लघुवित्त क्षेत्रमा विकराल अवस्था आएको पनि उनले बताइन् ।

ऋण लिने बेलामा योजना बनाएर मात्रै ऋण लिन उनले आग्रह गरिन् । बिना योजना ऋण लिँदा आफैंलाई समस्या पर्ने बज्राचार्यको भनाई थियो । लघुवित्तका बारेमा जान्न वित्तीय साक्षरता अनिवार्य भएको भन्दै लघुवित्त संस्थाका कर्मचारीहरूलाई पनि त्यस सम्बन्धमा तालिम दिनुपर्ने बज्राचार्यको भनाइ थियो । उनी सो सत्रकी श्रोत व्यक्ति हुन् । त्यस्तै, अर्का श्रोतव्यक्ति डम्बर बहादुर शाहले वित्तीय साक्षरता विभन्न माध्यमबाट गर्न सकिने बताएका छन् । उनले वित्तीय साक्षरतासम्बन्धी वृत्तचित्र प्रस्तुत गर्दै अर्काको लहैलहैमा लागेर होइन, बुझेर मात्रै ऋण लिन लघुवित्तका सदस्यहरूलाई आग्रह गरे ।

उनले लघुवित्तमा दोहोरो सदस्यको समस्या भएकाले आफू आबद्ध संस्थाले दिने सुविधाबारेमा पनि जान्नु जरुरी हुने बताए । आफ्नो संस्थाले दिने सेवाका बारेमा जानकारी नहुने र अरू संस्था परिवर्तन गर्दा झन् समस्या आउने उनको भनाइ थियो । शाह किसान बहुउद्देश्यीय सहकारी संस्थाका महाप्रबन्धक हुन् ।

सत्रको सहजकर्ता स्वावलम्बन लघुवित्त वित्तिय संस्था लि. का प्रमुख कार्यकारी अधिकृत भोजराज बस्यालले लघुवित्तका सदस्यहरूले कर्जा लिँदा कर्जा प्रस्तावका विषयमा पर्याप्त छलफल गरेर मात्रै लिनुपर्ने बताए । यसो नगर्दा ऋणीहरू आफैंलाई समस्या पर्ने उनको भनाइ थियो ।

ऋण प्राप्त गर्न पनि पर्याप्त वित्तीय जानकारी आवश्यक पर्ने भएकाले वित्तीय साक्षरतामा जोड दिनुपर्ने बस्यालको भनाइ थियो । लघुवित्तलाई बलियो तथा सफल रूपमा अगाडी बढाउन परम्परागत तालिमका विधिहरूलाई परिवर्तन गर्नुपर्ने बस्यालले बताए ।

सो कार्यक्रममा अधिकांश सहभागीले लघुवित्त संस्थाहरूको सहयोगले महिलाको आर्थिक विकास भएको तथा गरिवहरूको आर्थिक उपार्जन भएको बताएका थिए ।

समूह २: लघुवित्तमा वित्तीय साक्षरता र ग्राहक संरक्षण

सुधारको लागि समूह २ को सिफारिस

१. सदस्यलाई कर्जाको उद्देश्य, प्रकार र कर्जा उपयोग बारे बोध गराउने
२. सदस्यलाई क्षमता र आवश्यकता अनुसार मात्र कर्जा लिन र सदुपयोग गर्न सचेत गराउने
३. अत्यधिक कर्जा र कर्जा दुरुपयोगबाट हुने परिणाम बारे बोध गराउने
४. धेरै संस्थाबाट कर्जा लिंदा हुने बेफाइदा बारे बोध गराउने र एउटै संस्थामा मात्र बस्न प्रेरित गर्ने
५. कर्जा दिंदा आवश्यकता र क्षमता अनुसार लिन दिन कर्मचारी र सदस्य दुवैलाई सजग गराउने
६. धेरै संस्थासंग आवद्ध सदस्यहरुलाई एउटा संस्थामा आवद्ध हुन प्रेरित गर्ने र एक वर्ष भित्र एकल संस्थामा बस्न लगाउने
७. आफ्नो सीप र व्यवसाय विकास गर्न जागरुक गराउने
८. कर्जा र जीवन वीमाको महत्व बोध गराउने
९. अधिक कर्जा र कर्जा दुरुपयोगबाट हुने जोखिम बोध गराउने
१०. समूह र केन्द्रमा एक्यवद्धता बढाउन र सहकर्मी सदस्यलाई जथाभावी कर्जा सिफारिस नगर्न र एक अर्काको कर्जा उपयोग बारे निगरानी राखी केन्द्र बैठकमा जानकारी गराउने
११. बदलिंदो अवस्था अनुसार समूह प्रवेश पूर्व तालिम, केन्द्र प्रमुख गोष्ठी तथा पुनर्ताजगि तालिमलाई परिमार्जन गर्ने
१२. लघुवित्त संस्थाले ग्राहकहरुको गुनासो समाधान गर्ने नीति, नियमको तर्जुमा गर्ने र ग्राहकलाई आफ्नो गुनासो कहाँ, कसलाई राख्ने बारे जानकारी हुने परिपाटीको शुरुवात गर्ने

लघुवित्तमार्फत महिला स्वावलम्बी र आत्मनिर्भर

'स्वच्छ लघुवित्त, हाम्रो अभियान' भन्ने नाराका साथ मंसिर १५-१६ गते राजधानीमा आयोजित दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनमा लघुवित्तमै आबद्ध करिब ६ सय र लघुवित्त संस्थाका पदाधिकारीहरू तथा नीति निर्माताहरू एक सयसमेत गरी करिब सात सय जनाको सहभागिता रहेको थियो। सदस्यहरूको अनुभव आदान-प्रदानबाट आपसी ज्ञान तथा सिकाई बढ्ने, सदस्यहरूको बीचमा समझदारी र ऐक्यबद्धता बढ्ने अपेक्षा लिइएको सम्मेलन सहभागीहरूका लागि आफ्ना अनुभव आदान-प्रदान गर्ने उपयुक्त माध्यम पनि बनेको छ। लघुवित्त नीति निर्माणका लागि पृष्ठपोषण, लघु उद्यमशीलता प्रवर्द्धनका साथै लघुवित्त सदस्यहरूको मनोबल तथा उत्साह बढ्ने अपेक्षा बोकेर सम्मेलनमा सहभागी भएकाहरूसँग नेपालमा लघुवित्त अभियान, सम्मेलनमा उनीहरूका अपेक्षा र अनुभवका विषयमा गरिएको कुराकानी यहाँ प्रस्तुत गरिएको छ-

महिलालाई अगाडी बढाउने मुख्य अस्त्र नै लघुवित्त अभियान हो

गायत्री कुमारी चौधरी,
नेशनल माइक्रोफाइनान्स वित्तीय संस्था लि. धादिङ

सिजन अनुसारको बाली तरकारी खेतीमा लागेको मलाई लघुवित्त अभियानले आर्थिक सशक्तिकरणमा मात्रै सघाएको छैन । आफ्नो बचत परिचालनमा पनि उत्तिकै भूमिका खेलेको छ । मैले यो अभियानमा ऋणभन्दा पनि बचतबाट सुरु गरेकी हुँ । पछि व्यवसाय विस्तारका लागि ऋण लिएकी हुँ । नपढेकाहरू मात्रै होइन पढेलेखेका महिला पनि घरभित्र सीमित छन् ।

त्यस्तालाई मूलधारमा ल्याउन र आर्थिक रूपमा सशक्तिकरण गर्नका लागि यो अभियानले सघाएको छ । पिछडिएका गरिब महिलाहरूलाई अगाडी बढाउने मुख्य अस्त्र नै लघुवित्त अभियान हो । लघुवित्तको सिद्धान्त, मूल्य मान्यतालाई आत्मसात गरी यो सेवालाई सामाजिक व्यवसायका रूपमा अगाडी बढाउन सम्मेलनले महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेकी छु ।

सम्मेलन कोसेढुङ्गा बनेको छ

धनसरा खत्री
युनिक नेपाल, बर्दिया

म २०६० सालदेखि यो क्षेत्रमा लागेकी हुँ । सुरुमा ५ हजार रुपैयाँबाट कुखुरापालन व्यवसाय सुरु गरें । पछि श्रीमान्लाई पनि इलेक्ट्रोनिक्स तालिम गराएर किराना पसल र इलेक्ट्रिकल पसल चलायौं । अहिले पाँच धुर जग्गा र एउटा घर बनाइसकेका छौं ।

लघुवित्तमार्फत उद्यमशीलता वृद्धि गर्नका लागि सीपमूलक तालिम पनि उपलब्ध गराउनुपर्ने अहिलेको आवश्यकता छ । यस्तो भयो भने स्वरोजगारीको अवस्था सिर्जना गर्न सकिन्छ ।

राष्ट्रिय नीति निर्माण तथा कार्यक्रम तर्जुमाको लागि पृष्ठपोषण प्राप्त गर्ने र मार्गचित्र निर्माण गर्न यो सम्मेलन कोसेढुङ्गा बन्ने अपेक्षा लिएकी छु ।

लघुवित्तले आत्मनिर्भर बन्न सघाइरहेको छ

सीता राना
वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था लि., सुर्खेत

सात दिने तालिम गरेर ८ हजार रुपैयाँ लिएर खुद्रा पसल शुरु गरेकी हुँ । अहिले मेरो व्यवसायलाई कपडा पसलमा रुपान्तरण गरेकी छु ।

लघुवित्तको ऋण लिएपछि विदेश जान लागेका श्रीमान्लाई पनि यतै रोकेर व्यवसाय सुरु गऱ्यौं । समाजमा आत्मनिर्भर बन्नका लागि लघुवित्तले सघाइरहेका छन् । लघुवित्त सेवाको समष्टिगत स्थिति, उपलब्धि, सम्भाव्यता, समस्या तथा चुनौतीको विवेचना गर्न सम्मेलनले सघाउने अपेक्षा छ । लघुवित्तका सेवाग्राही सदस्यहरूको भावना, सोंच, विचार, समस्या तथा अनुभव, अनुभूतिको आदान प्रदान गर्ने माध्यम सम्मेलन बन्नेछ ।

धेरै कुरा सिक्ने मौका पाएकी छु

रूपा घर्ती
नेपाल महिला सामुदायिक सेवा केन्द्र रोल्पा

सम्मेलनबाट केही सिकिएला भनेर सहभागी हुन आएकी हुँ । भोलि गाउँमा गएर समूहमा अनुभव बाँड्न पनि सकिन्छ । यो क्षेत्रमा लागेको २७ महिना भयो । यो क्षेत्रमा नयाँ भए पनि यो अवधीमा धेरै कुरा सिक्ने मौका पाएकी छु । सुरुमा ४० हजार ऋण लिएर कृषि क्षेत्रमा विशेषगरी तरकारी खेती सुरु गरें । पछि १ लाख लिएँ र त्यसपछि ३ लाख लिएकी छु । आफैंसँग भएको पैसालाई पनि सही सदुपयोग गर्न जानियो जुन लघुवित्तमा लागेपछिको उपलब्धि हो । सम्मेलनबाट लुघवित्तका सेवाग्राही सदस्यहरूको भावना, सोंच, विचार, समस्या तथा अनुभव, अनुभूतिको आदान-प्रदान गर्ने उपयुक्त माध्यम बन्ने अपेक्षा मेरो छ ।

लघुवित्तले धेरै परिवर्तन गरेको छ

चित्रकला ओली
सहारा नेपाल बचत तथा ऋण सहकारी संस्था लि. झापा

आजसम्म लघुवित्त क्षेत्रमा के कस्ता उपलब्धि हुनसके, के-कस्ता बिचलन र अफ्ठचारा आए त्यसको समीक्षा गर्दै कमीकमजोरीलाई सुधार गर्दै आगामी दिनमा के-कस्ता प्रयास गर्ने जस्ता विषयमा सम्मेलन फलदायी हुनेछ । लघुवित्तले धेरै परिवर्तन गरेको छ । विशेषगरी घरभित्र सीमित महिलाहरूलाई आत्मनिर्भर बनाउन सघाएको छ । दुई चार जनाको अगाडी बोल्न नसक्ने महिलाहरू अहिले खुलेर कुरा गर्न सक्ने भएका छन् ।

सामाजिकीकरण र आर्थिक रूपान्तरणमा पनि लघुवित्तले सघाएको छ । केही गर्ने इच्छाशक्ति हुनेका लागि पनि लघुवित्त उपयुक्त माध्यम बनेका छन् । सदस्यको विकासलाई लघुवित्तको केन्द्र विन्दु बनाई उनीहरूको आवश्यकता, प्राथमिकता, क्षमता र सीपलाई आधार मानेर विश्लेषण गरी कर्जा प्रवाह गर्ने परिपाटी अनुशरण गर्न पनि सम्मेलनले सघाउने अपेक्षा छ ।

व्यवसाय चलाइरहेकी छु

एलिना खड्का
नाडेप लघुवित्त वित्तीय संस्था लि., धादिङ

सिकेका कुरा आफ्नो समूहमा गएर सिकाउने उपयुक्त माध्यम हो यो सम्मेलन । विगत ८ वर्षदेखि यो क्षेत्रमा लागेकी हुँ । सुरुवातमा सानो स्टेसनरी पसल थियो पछि ठूलो बनाएँ । लघुवित्तबाट सुरुमा ३० हजार ऋण लिएकी थिएँ । पछि ७५ हजार, ८० हजार र अहिले डेढ लाख लिएर व्यवसाय चलाइरहेकी छु । राम्रो भइरहेको छ । चुरापोतेका लागि पनि श्रीमान्को मुख ताक्नुपर्ने दिन सकिएका छन् । कुनै बेला एक सय रुपैयाँ पनि सापटी पाउन सकिँदैनथ्यो । कसैले पत्याउँदैनथे । अहिले त्यस्तो छैन । अहिले म आफैं मात्र आत्मनिर्भर बनेकी छैन । सम्पत्ति पनि जोडेकी छु । निर्वाहमुखी सेवाग्राहीहरूलाई व्यवसायमुखीमा स्तरोन्नति गराउन उद्यमशीलता विकासका लागि ठोस रणनीति तर्जुमा गर्ने सम्मेलनबाट अपेक्षा गरेकी छु ।

स्वावलम्बी बनाउन सघाएको छ

बम्बु कुमारी चौधरी
सामुदायिक महिला विकास केन्द्र (स्वेडेक), सप्तरी

हाम्रो लागि धेरै कुरा सिक्ने ठाउँ हो सम्मेलन । केही सिकिएला भनेर यो सम्मेलनमा भाग लिन आएकी हुँ । यहाँ सिकेका कुरा मेरो समूहमा गएर सम्झाउने हो । ६ वर्ष अगाडि २० हजार रुपैयाँबाट सुरु गरेको मेरो व्यवसायले अहिले व्यापकता पाएको छ । मेरो तरकारी खेतीले पनि राम्रो प्रतिफल दिएको छ । अशिक्षितदेखि गरिब निमुखा वर्गलाई समेट्ने उपयुक्त माध्यम हो लघुवित्त अभियान । विशेषगरी महिलाहरूलाई आत्मनिर्भर र स्वावलम्बी बनाउन यो अभियानले सघाएको छ । लघुवित्तको सिद्धान्त, मूल्यमान्यतालाई आत्मसात गरी लघुवित्त सेवालाई सामाजिक व्यवसायको रुपमा अगाडी बढाउन सम्मेलनले अझ सघाउने अपेक्षा छ ।

लघुवित्तले उद्यमशीलता बढायो

लघुवित्तले उद्यमशीलता बढाएको लघुवित्त सम्मेलनका सहभागीले निष्कर्ष निकालेका छन् । लघुवित्तकै कारण गाउँ-गाउँमा महिला उद्यमी बढेको उनीहरूले निष्कर्ष निकालेका हुन् ।

दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन अन्तर्गत समूहगत छलफल तथा टिप्पणी कार्यक्रममा बोल्ने वक्ताहरूले पछिल्लो समयमा लघुवित्तले उद्यमशीलता बढाए पनि पर्याप्त मात्रामा उद्यमशीलता बढ्न अझै नसकेको बताए ।

उद्यमशीलता क्षमता बढाउन सके कर्जा असुलीमा कुनै समस्या नपर्नेसमेत उनीहरूको तर्क थियो ।

लघुवित्तमा सदस्यको उद्यमशीलता अभिबृद्धि विषयगत छलफलको सारांस प्रस्तुत गर्दै भगवती चौधरीले लामो समयका लागि ऋण प्रदान गर्न आवश्यक भएको बताइन् । छोटो समयमा उत्पादनले गति नलिने भन्दै उनले लामो समयमको ऋण दिन सके उद्यमशीलता अझ बढ्ने बताइन ।

लघुवित्तमा वित्तीय साक्षरता विषय प्रस्तुत गर्दै भोजराज बस्यालले लघुवित्त तथा सहकारीमार्फत दिगो विकास गर्न सकिने र गरिबी निवारण गर्न सकिने बताए । उनले लघुवित्तका नीति, निर्देशिका पुनरावलोकन गर्नुपर्ने आवश्यकता औंल्याए । वित्तीय साक्षरता कार्यविधि बनाएर सबै सदस्यलाई वित्तीय पहुँच र साक्षरता दिनसके मात्र लघुवित्तको प्रभावकारिता अझ बढ्ने उनको भनाई थियो । ऋणको दुरुपयोग रोक्न, बचत गर्न तथा उद्यमशीलता बढाउन वित्तीय साक्षरताले नै सघाउने उनको निष्कर्ष थियो । सदस्यलाई वित्तीय साक्षरता दिएपछि उद्यमशीलता बढ्ने, बचत वृद्धि हुने, उत्पादन बढ्ने सहभागीले बताए ।

डा. भेष प्रसाद धमलाले लघुवित्तले आधारभूत आवश्यकता पार गरिसकेकाले सदस्यको व्यवसाय र उद्यमशीलतामा जोड दिनुपर्ने बताए । उद्यमशीलता बढाउन ब्याजदरमा हेरफेर गर्न आवश्यक भएको बताए। त्यस्तै सदस्यको उत्पादन बजारीकरणका लागि लघुवित्तले सघाउनुपर्ने उनको भनाइ थियो । धमलाले लघुवित्तमार्फत गरिबी निवारण गर्न सकिने बताए । उनले अति विपन्नवर्गमा लघुवित्तको प्रभाव किन र कसरी ? छलफलको निष्कर्ष सुनाउँदै लघुवित्तको प्रभावबारे अध्ययन गर्न आवश्यक भएको बताए ।

राम बहादुर यादवले लघुवित्तको अस्वस्थ्य प्रतिस्पर्धाका कारण सदस्यहरू मारमा परेको उनको भनाइ थियो । 'सदस्य बनाउने होडबाजीले पनि सदस्यले दुःख पाएका छन्,' उनले भने । बहुबैंकिङ तथा ऋणको अतिभारबाट हुने नकारात्मक प्रभाव र बच्ने उपायबारे निष्कर्ष निकाल्दै यादवले लघुवित्तका कर्मचारीले अनावश्यक प्रलोभन देखाएर सदस्य बनाउने गरेको सुनाए । कर्मचारीले टार्गेट पूरा गर्नका लागि अन्य लघुवित्तले बनाएका सदस्यलाई पनि सदस्य बनाउने गरेका कारण समस्या थपिँदै गएको उनको भनाइ थियो । लघुवित्त स्वनियमनमा बस्नुपर्ने उनीहरूको भनाइ थियो । आसमानी चौधरीले लघुवित्त वास्तविक महिलाका क्षेत्रमा अझै नपुगेको बताइन् । सदस्यलाई कर्जाको अति भार कम गर्न लघुवित्त संस्थाबीच समन्वय हुनुपर्ने उनले आवश्यकता औंल्याइन् ।

लघुवित्तद्वारा सामाजिक विकास किन र कसरी ? शीर्षकको प्रस्तुती गर्दै सहभागी लक्ष्मी भुसाल खरेलले लघुवित्तले सदस्यको आर्थिक र सामाजिक रुपान्तरणमा सघाउ पुगेको बताइन् । लघुवित्तले हिंसा न्यूनीकरण गर्न, विभेद अन्त्य गर्न, विपन्नवर्गलाई आत्मनिर्भर बनाउन, महिलाको आत्मविश्वास बढाउन सघाउ पुगेको उनले सुनाइन् । उनले एक सदस्य एक संस्थाको अवधारणाबाट अघि बढ्न सके लघुवित्त क्षेत्रमा कुनै समस्या नआउने बताइन् ।

कार्यक्रममा बोल्दै लघुवित्त सदस्य सरस्वती घिमिरेले महिलालाई हौसला दिन बचतको व्याज बढाउनुपर्ने बताइन् । लघुवित्तले साहसी र आत्मनिर्भर बनाएको उनको भनाइ थियो ।

‘सम्भावनालाई सिर्जनशील भएर हेरौं, लघुवित्तमार्फत उद्यमी बनौं’

समूह १: लघुवित्तमा सदस्यको उद्यमशीलता अभिवृद्धि

सुधारको लागि समूह १ को सिफारिस

१. प्रत्येक संस्थाले आफ्नो संस्था अन्तर्गतका सदस्यहरुको व्यवसायको विवरण तयार गर्ने
२. व्यवसायहरुको बजारको अध्ययन गर्ने
३. व्यवसायको लागि आवश्यक सीप र दक्षताको विवरण (सदस्य अनुसार) तयार गर्ने
४. व्यवसायिक तालिम दिन सदस्य भित्र प्रशिक्षक हुन सक्ने सदस्यको विवरण (योग्यता सहित) तयार गर्ने
५. आ-आफ्नो क्षेत्रमा उपलब्ध सरकारी वा नीजी क्षेत्रको दक्ष प्रशिक्षक पहिचान गर्ने
६. यसको लागि उपयुक्त निकायहरुसंग सम्पर्क गरी समन्वय गर्ने
७. प्रत्येक संस्थाबाट नाफाको केही प्रतिशत सीप विकास तालिमको लागि छुट्याउने
८. संस्था भित्र उद्यमशीलता विकास ईकाई स्थापना गर्ने
९. सदस्यहरुमा भएको उद्यमशीलता विकासको स्तर मापनको आधार तयार गरी ३/३ महिनामा गर्ने र ३/३ महिनामा समीक्षा गर्ने
१०. कृषि र पशुपालन क्षेत्रलाई बढी प्राथमिकता दिई कर्जा प्रवाह गर्ने । सोको लागि प्राविधिक सहयोग, स्थानीय J.T.A. हरुलाई केहि प्रोत्साहन दिई वा संस्था सक्षम भै आफ्नै technical कर्मचारी राखी प्राविधिक सेवा प्रवाह गर्ने
११. लघुवित्त संस्थाहरुले आ-आफ्ना क्षेत्रमा रहेका घरेलु विकास समिति तथा MEDPA जस्तो संस्था संग उद्यमशीलता बिकासका क्रियाकलापमा सहकार्य गर्ने
१२. संस्थाहरुले सदस्यहरुलाई उद्यमशीलतामा उत्प्रेरणा जगाउन क्रेडिट PLUS जस्तो क्रियाकलापको पनि संयोजन गर्ने
१३. आ-आफ्नो क्षेत्रको उत्पादनको विषयमा जानकारी राखी सो को उपयुक्त बजारका लागि सूचना प्रवाहमा सहयोग गर्ने

काठमाडौं । काठमाडौंमा आयोजित दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनको दोस्रो दिन लघुवित्त कार्यक्रममार्फत उद्यमशीलता विकासबारे छलफल भयो । कार्यक्रमा ‘लघुवित्तमा सदस्यको उद्यमशीलता अभिवृद्धि (किन र कसरी)’ भन्ने विषयमा विषय विज्ञबाट कार्यपत्र प्रस्तुति तथा सहभागी लघुवित्तका सदस्यहरूले आफ्ना अनुभव तथा सुझाव राखेका थिए ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै फरवार्ड माइक्रोफाइनान्स वित्तीय संस्थाकी अध्यक्ष भगवती चौधरीले लघुवित्तले उद्यमशीलता विकास गर्ने बताइन् । लघुवित्त संस्थाहरूले लघुउद्यमका लागी विभिन्न कर्जाको कार्यक्रम सञ्चालन गरिरहेको र यसबाट उद्यमशीलता विकास भइरहेको उल्लेख गरिन्, “लघुवित्त कार्यक्रमले स-साना कृषि फर्म, उद्योग विकास गरी स्वरोजगार सिर्जना गर्न महत्वपूर्ण भूमिका खेलेको छ ।”

लघुवित्तमार्फत लघुउद्यम विकास भए पनि अझै लघुउद्यमीहरूको आवश्यकता अनुसार कर्जा नपाएको, लघुउद्यम कर्जाको विशेष प्याकेज नभएको र उत्पादित वस्तुको बजारीकरणमा समेत समस्या रहेको चौधरीको कार्यपत्रमा उल्लेख छ। उद्यम विकासका लागि लघुवित्तकर्मीहरूलाई तालिम तथा सहुलियत ऋणको व्यवस्था हुनुपर्ने, ५ लाख मुनीको लघुउद्यममा कर छुट गर्नुपर्ने, तालिम तथा अध्ययन भ्रमणका कार्यक्रम गर्नुपर्ने, लघुवित्तमा ऋणको दोहोरोपना अन्त्य गर्नुपर्ने उनको सुझाव छ ।

यसैगरी अर्का कार्यपत्र प्रस्तोता लघुउद्यम विकास कार्यक्रमका गोकुल प्लाकुरेलले लघुवित्त कार्यक्रमले महिलाको सशक्तिकरण, जागरुकता र समाज परिवर्तनका साथै उद्यमशीलताको विकासमा पनि ठूलो भूमिका खेलेको बताए। लघुवित्तले समूह बनाएर विना धितो लगानी गर्ने भएकाले सामूहिक भावनाको विकास गर्ने र यसबाट उद्यमशीलताबारे अनुभव आदान-प्रदान समेत हुने उनको भनाई थियो ।

नेपालबाट मह, अल्लो, हर्बल सावन, बासमा आधारित उद्योग, अदुवा, ढाका कपडा, सुन्तला, लप्सीलगायतका उपजहरू विदेश निर्यात गर्न सकिने ठूलो सम्भावना भएकाले यी क्षेत्रमा लघुवित्तकर्मीहरूको उद्यमशीलता विकास गर्न सकिने उनको सुझाव थियो ।

लघुवित्त संस्थामार्फत प्रवाह भएको न्यून कर्जा मात्र लघुउद्यममा गएको भन्दै यसलाई वृद्धि गर्न उनले आग्रह गरे ।

लघुवित्तका सदस्यलाई उद्यमशील बनाउन कर्जाका साथसाथै व्यावसायिक योजना, प्राविधिक तालिम र बजारीकरणमा समेत सहयोग गर्न प्याकुरेलले सुझाव दिए । यसैगरी लघुउद्यम विकासका लागि आधुनिक प्रविधि प्रयोग गर्नुपर्ने समेत उनको जोड थियो ।

छलफलको सहजीकरण गर्दै राजेन्द्र बहादुर प्रधानले लघुवित्त संस्थाहरुले सदस्यहरूमा उद्यमशीलता विकास गर्नेतर्फ लाग्नुपर्नेमा जोड दिए। हरेक ठाउँमा उद्यमशीलताका लागि सम्भावना भएको भन्दै त्यसलाई सिर्जनशील ढंगले हेर्नुपर्ने आवश्यकतासमेत औंल्याए । कार्यक्रममा सहभागी नयाँ नेपाल लघुवित्त वित्तीय संस्थाका अध्यक्ष डा. पुरुषोतम श्रेष्ठले गाउँ-गाउँमा लघुवित्तले पैसा लिएर हिँड्दा हुने जोखिमको बीमा गर्नुपर्ने बताए ।

महिला लघुवित्त वित्तीय संस्थाकी सानु राईले सहरी क्षेत्रमा सञ्चालित लघुवित्त वित्तिय संस्थाहरूलाई समेत उपयुक्त हुने सीप आवश्यक रहेको बताइन् ।

लक्ष्मी लघुवित्त वित्तीय संस्थाकी निराकुमारी थापाले लघुवित्त संस्थाको सेयर ऋणी सदस्यहरूलाई दिनुपर्ने आवश्यकता औंल्याइन् । सल्भ नेपालकी देवकला पौडेलले लघुवित्तले प्रवाह गरेको कर्जाको सदुपयोग भए नभएका बारे अनुगमन हुनुपर्ने बताइन् ।

वातावरण सुधार बहुउद्देश्यीय सहकारी संस्था सुर्खेतका अनन्त पौडेलले लघुवित्तको ब्याजसम्बन्धमा विचार गर्नु पर्ने बताए भने चन्दननाथ बहुउद्देश्यीय सहकारी संस्थाकी विष्णुमाया बूढाले च्याउसरी उम्रिएका संस्थाका कारण दोहोरोपना बढेको बताइन् ।

अति विपन्नमा कर्जा प्रवाहका लागि रणनीति बनाउन आवश्यक

काठमाडौं । निम्न आय र अति विपन्न समुदायमा रहेका जनतालाई कर्जा उपलब्ध गराउन प्रत्येक लघुवित्त संस्थाले संस्थागत रणनीति बनाउन आवश्यक देखिएको छ । लघुवित्त अति विपन्न समुदाय, महिला लक्षित कार्यक्रम रहेकाले यसलाई उक्त वर्गसम्म पुऱ्याउनका लागि सहज र सरल रूपमा कर्जा प्रवाहको रणनीति बनाउन सरोकारवालाले जोड दिएका हुन् ।

'स्वच्छ लघुवित्त, हाम्रो अभियान' भन्ने नारासहित काठमाडौंमा आयोजित दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनमा सहभागीले अति विपन्न, पिछडिएका समुदायका जनतालाई ऋण उपलब्ध गराउनुपर्ने बताए ।

आइतबार शुरु भएको 'अति विपन्नमा लघुवित्त प्रवाह (किन र कसरी) ?' सत्र (सेसन) मा कार्यपत्र पेस गर्दै नेपाल महिला सामुदायिक सेवा केन्द्रका संस्थापक अध्यक्ष विमला योगीले पिछडिएका वर्गलाई विशेष वर्गमा राखी लघुवित्त संस्थाको सेवा प्रवाह हुनुपर्ने बताइन् ।

"अति विपन्न वर्गलाई सामाजिक र आर्थिक रूपमा सशक्त बनाउनका लागि लघुवित्त आवश्यक छ," उनले भनिन्, "आम्दानीका स्रोत सिमित हुनु, धितो नहुनु, पारिवारिक असहयोग, वित्तीय साक्षरताको कमी, गुणस्तरीय लघुवित्त सेवा प्रवाह नहुनु लगायतका कारणहरु लघुवित्तका चुनौती हुन् ।" लघुवित्त रणनीति बनाउन सेवा प्रदायक निकाय, संगठन/नेटवर्क, विकास साझेदार र नियमन निकाय र सदस्यहरूको सहभागीता आवश्यक हुने उल्लेख गरिएको छ ।

नवप्रतिभा बचत तथा ऋण सहकारी संस्था लि. का प्रमुख कार्यकारी निर्देशक राम प्रसाद काफ्लेले भने 'विपन्न र हुँदा खानेलाई हुनेखाने बनाउन लघुवित्त सेवाको आवश्यक छ। देशका कुनाकाप्चामा छरिएका वित्तिय पहुँच नपाएकाले पुँजी प्राप्त गरेर उद्यमशील बन्न सक्छन्। यसले दिगो विकासको लक्ष्य तथा नेपाल सरकारका योजनाहरुको कार्यान्वयन र गरिबी निवारणमा सहयोग पुऱ्याउँछ । अहिले देशका ६० लाख जनसंख्यालाई लघुवित्त सेवाको आवश्यकता छ तर अहिले २८ देखि ३० लाख जनसंख्यामा मात्र लघुवित्त सेवा पुगेको छ ।'

यस्तै नेरुड लघुवित्त वित्तीय संस्थाका अध्यक्ष डा.भेष प्रसाद धमलाले भने, "लघुवित्तले प्रथम चरणमा आधारभूत आवश्यकता पूर्ति गर्नका लागि संस्थाले सघाउनुपर्छ ।" "साना-साना आम्दानीका स्रोतहरू जुटाएर नै पछि उद्यमी र उद्योगी बन्ने हो, एकैपटक लघुवित्तबाट उद्योगी बन्न सकिँदैन ।" लुघवित्तको कर्जा उत्पादनशील क्षेत्रमा केन्द्रित हुनुपर्नेमा उनले जोड दिए ।

समूह ३: अति विपन्नमा लघुवित्त प्रवाह

सुधारको लागि समूह ३ को सिफारिस

१. हरेक संस्थाले आफ्नो कार्यक्षेत्रमा टोल वा गाउँमा कर्जा नलिएका के कति दलित, पिछडिएको वर्ग र विपन्न परिवार छन् सुक्ष्म अध्ययन गरी विवरण तयार गर्ने
२. उक्त अध्ययनमा विद्यमान सदस्यहरुको पनि सहयोग लिने
३. विवरण तयार भएपछि प्रत्येक संभाव्य सदस्यको अवस्थाको विवरण र संभाव्य व्यवसायको विवरण तयार गर्ने
४. प्रत्येक विपन्नको घरमा गै सम्पर्क विस्तार गर्ने र समूहमा संगठित गर्ने
५. वित्तीय साक्षरता बढाउन एक हप्ताको तालिम दिने
६. आवश्यकता र क्षमता विश्लेषण गरी स-साना कर्जा उपलब्ध गराउने । कर्जा दिएपछि यसबारे उक्त क्षेत्रमा संचालित लघुवित्त संस्थालाई तुरन्त जानकारी दिई दोहोरोपन नगर्ने भन्ने र सोको नेपाल राष्ट्र बैंकलाई पनि बोधार्थ दिने
७. ३/३ महिनामा उक्त ऋणीहरुको व्यवसायिक र आय वृद्धिको विश्लेषण गर्ने र सीप र दक्षता बढाउन तालिम दिने र आत्मविश्वास बढाउन उत्प्रेरित गर्ने
८. नयाँ बनाउने केन्द्रहरुमा पाक्षिक (२/२) हप्ताको बैठक बस्ने व्यवस्था गर्ने
९. लघुवित्तको सिद्धान्त, उद्देश्य र मूल्यमान्यता अनुसरण गरी मात्र कर्जा लगानी असूली गर्ने
१०. सदस्यहरुको क्षमता बढाउन क्रमसः उद्यमशीलता विकासको तालिमको व्यवस्था गर्ने

कार्यक्रममा उनले अहिले लघुवित्त संस्थाहरूको मुनाफा देखेर बैंकहरू पनि यो क्षेत्रमा आउँदा विकृत देखिएको बताए ।

उनले भने, "कि लघुवित्तलाई खारेज गर्नुपर्छ कि त बैंकलाई लघुवित्तमा आउन दिनुहुँदैन, यसमा नियमनको खाँचो छ ।"

योजना बनाएर मात्रै लघुवित्तबाट कर्जा लिन सुझाव

कार्यक्रममा लघुवित्त संस्थाकी सदस्य बुद्धिमाया तामाङ (कञ्चनपुर)ले योजना बनाएर मात्रै लघुवित्तबाट कर्जा/ऋण लिइ लगानी गर्न सुझाव दिइन् । विनायोजना कर्जा लिएर पछि ऋण तिर्न नसक्दा दुखद् घटना घटेको भन्दै उनले लघुवित्तबाट ऋण लिँदा ध्यान दिनुपर्नेमा जोड दिइन् ।

अर्की सदस्य सरस्वती कार्कीले लघुवित्तमा बैंकलगायतका अन्य ठूला वित्तीय संस्थाहरूबाट लगानी भइरहेको भन्दै त्यसलाई रोक्न आग्रह गरिन् ।

लघुवित्तलाई मर्जर गर्नु हुँदैन

अहिले लघुवित्त संस्थाहरूलाई मर्जर गर्ने नीति राष्ट्र बैंकले लिएको भन्दै सहभागीले त्यसलाई कार्यान्वयन नगर्न आग्रह गरेका छन् । बैंकको पहुँच नपुगेका क्षेत्रमा लघुवित्त पुग्ने भनिए पनि अहिले त्यसलाई मर्जरमा लगेर अति विपन्न समुदायलाई वित्तीय पहुँच र आयआर्जनबाट विमुख गर्न नहुने उल्लेख गरिएको छ ।

कर्जा सदुपयोगका विषयमा अनुगमन

संखुवासभाबाट कार्यक्रममा सहभागी हुन आएकी सदस्य निरु विश्वकर्माले अहिले लघुवित्त संस्थाहरू लगानी बढाउने विषयमा केन्द्रित भएको बताइन् ।

"लघुवित्त संस्थाहरूले कर्जा दिए पनि त्यसको लगानी र ऋणको सही सदुपयोगको विषयमा पनि अनुगमन र जानकारी दिनुपर्छ ।" उनले भनिन्, "लघुवित्त कर्जा असुली, ब्याज कति लिने विषयमा मात्रै नअल्झी उद्यमशीलता, बजारसम्मको पहुँचका विषयमा पनि जानकारी गराउनुपर्छ ।" मोरङकी सवितादेवी रायले केन्द्र प्रमुखहरूलाई मात्रै तालिम नदिइ ग्रामीण भेगका महिलालाई पनि तालिम दिन सुझाव दिइन् ।

अति विपन्न परिवारमा लघुवित्त कसरी ?

- आशा जगाएर
- आत्मबल प्रदान गरेर
- सपना देखाएर
- उत्प्रेरणा जगाएर
- आवश्यकता महसुस गराएर
- घरदैलो भेटघाट गरेर
- समूहमा आबद्ध गराएर

ऋण लिएको रकम सही ठाउँमा लगानी गर्नुपर्छ

काठमाडौं । पछिल्लो समय धेरै लघुवित्तबाट एउटै सदस्यले ऋण लिने अनि नतिर्ने परिपाटीको विकास भएकोमा सरोकार वालाहरूले चिन्ता व्यक्त गरेका छन् । लघुवित्त सम्मेलन अन्तर्गत भएको 'बहुबैंकिङ तथा ऋणको अतिभारबाट हुने नकारात्मक प्रभाव र बच्ने उपाय' का बारेमा बोल्ने अधिकांश वक्ताहरूले त्यस्तो चलनको अन्त्य गर्नुपर्ने सुझाव दिएका छन् ।

उक्त विषयमा सहजकर्ताको भूमिका निभाएका राम बहादुर यादवले लगानी योग्य रकम (तरलता)को अभाव भएको समयमा बहुबैंकिङले फाइदा पुगे पनि त्यस बाहेकको अवस्थामा भने त्यसले हानी पुऱ्याउने बताए । "तरलताको अभाव भएका बेला एउटा लघुवित्तले चाहेजति ऋण दिन सकेन भने अर्को लघुवित्तबाट ऋण लिएर भए पनि काम चलाउनका लागि बहुबैंकिङले फाइदा पुऱ्याए पनि अन्य तरिकाले भने बहुबैंकिङले फाइदा पुऱ्याएको छैन, बरु उल्टै नोक्सानी पुऱ्याएको छ," उनले भने, "१०/१२ वटा लघुवित्तबाट ऋण लिने अनि व्यवसाय पनि नगरी खानपिनमा मात्रै सकाउने हो भने लघुवित्त पनि डुब्ने र ऋण लिने पनि बदनाम हुने हुँदा त्यस्तो चलनको अन्त्य गर्नु पर्ने हुन्छ ।"

ऋण लिएको रकम सही ठाउँमा लगानी गर्न पनि उनले सबैलाई आग्रह गरे । "आम्दानी हुने व्यवसायमा लगाउन सकिएको खण्डमा त्यसले ऋण लिने सदस्य र समग्र अर्थतन्त्रलाई नै फाइदा पुग्ने छ," उनले भने, "अन्यथा ऋण लिने सदस्य, लघुवित्त र समग्र अर्थतन्त्रलाई नै असर पुऱ्याउनेछ ।" सहजकर्ताको भूमिका निभाइरहेका यादवले भारतको आन्ध्रप्रदेशमा लघुवित्तमा आएको उदाहरण समेत दिए । "भारतको केही ठाउँमा लघुवित्तमा विकृति निम्तिएकाले समस्या आएको छ," उनले भने, "त्यस्तो खालको विकृति नेपालमा नआओस । एकपछि अर्को गर्दै कडा नीति ल्याइरहेको छ," उनले भने, "यसले लघुवित्तमा आउन सक्ने विकृतिलाई अन्त्य गर्ने छ ।" एउटै सदस्यले धेरै लघुवित्तबाट ऋण नलिन भन्नको लागि यसको विवरण संकलन भइरहेको यादवले जानकारी दिए । "विवरण संकलन भएपछि एउटै सदस्यले धेरै लघुवित्तबाट ऋण लिन सक्ने छैनन्," उनले भने, "यसले पनि लघुवित्तमा आएका विकृतिलाई नियन्त्रण गर्ने छ ।"

लघुवित्त संस्थाहरुले लघुउद्यम व्यवसायको लागि पहिलो पटक तीन लाख र दोस्रो पटक ५ लाखसम्म ऋण लिन सक्ने व्यवस्था राष्ट्र बैंकले गरेको छ । त्यसरी लिएको ऋण सही ठाउँमा लगाउन पनि उनले आग्रह गरे । "लघुवित्तबाट लिएको ऋण फजुल खर्चमा नलगाई आम्दानीमा लगाउनु पर्छ," उनले भने, "आम्दानीमा लगाउन सकिएको खण्डमा समस्या आउँदैन् ।" लघुवित्त संस्थाहरू बिग्रे भने मुलुकको पूरै अर्थतन्त्रलाई तहस नहस पार्ने भएकाले लघुवित्तमा विकृति निम्त्याउन नहुने उनको भनाइ थियो ।

अहिले मुलुकभर ७० लघुवित्तहरू सञ्चालनमा रहेको जानकारी पनि यादवले दिए । "बैंकहरूले धितोमा ऋण दिने गरेपनि लघुवित्त भने विना धितो ऋण दिएका छन्, बिना धितो ऋण दिनु भनेको विश्वासको भरमा ऋण दिनु हो," उनले भने, "पहिलो कुरा त विश्वास नै तपाइहरूको धितो हो, दोस्रो कुरा इमान्दारिता हो । तेस्रो कुरा व्यवसाय गर्दा लिएको ऋण दुरुपयोग हुँदैन भन्ने हो समूह नै जिम्मेबार हुँदा कुनै समस्या आउँदैन भन्ने नै हो ।" त्यसरी विश्वास गरेर दिएको ऋणलाई दुरुपयोग गर्न नहुने उनको भनाइ थियो ।

ऋण लिने सदस्य पनि सचेत हुनु पर्नेमा यादवले जोड दिए । "५/६ वटा संस्थाबाट ऋण लिदा तत्कालीन रूपमा खुसी दिने भए पनि दीर्घकालमा भने त्यसले टेन्सन मात्र दिनेछ," उनले भने, "मैले एउटा बैंकबाट ऋण लिदाँ त ब्याज तिर्ने समय आउनुभन्दा ५ दिन अघि नै टेन्सन हुन्छ, अझ ५/६ ठाउँबाट ऋण लिदाँ कति टेन्सन होला ? त्यसैले टेन्सन लिएर बस्नुभन्दा व्यवसाय गरेर बस्दाको सुख र शान्ति अरु केही हुँदैन् ।" लघुवित्तले हस्ताक्षर (सही) धितो राखेर ऋण दिने गरेको पनि यादवले बताए । "तपाईंको हस्ताक्षरमा लघुवित्तले धेरै विश्वास गरेका छन्," उनले भने, "त्यो लघुवित्तले दिएको विश्वासलाई कहिल्यै पनि तोडने काम नगर्नु होला ।" ग्रामीण क्षेत्रमा बस्ने मानिसको धितो राख्ने जायजेथा हुँदैन त्यसैले नै समूहलाई नै धितो राखिएको उनको भनाइ थियो । उक्त विषयको बारेमा कार्यपत्र पनि प्रस्तुत गरिएको थियो ।

उक्त बिषयमा स्रोत व्यक्तिका रूपमा प्रस्तुत भएका विशाल केसीले ऋण नतिर्ने सदस्यका कारण घर र समाजलाई नै नकारात्मक असर पार्ने बताए । "समाजलाई नै नकारात्मक असर पार्ने भएकाले त्यसतर्फ सजग हुनु पर्छ," उनले भने, "समाजमा हुने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्दै सजग र सचेत भएर अगाडी बढनुपर्छ ।" उक्त विषयमा अर्को स्रोत व्यक्तिको रूपमा उपस्थित भएकी आसमानी चौधरीले धैर्यता, इमान्दारिता, जागर र आटको साथ काम गर्नु पर्नेमा जोड दिइन् । "विगत ४० वर्षदेखिको इतिहास हेर्ने हो भने सुरुमा व्यवसाय गर्दा सानो तिनो रकमबाट नै गरेको पाइन्छ," उनले भनिन्, "तिनै साना तिना व्यवसाय गर्नेहरू अहिले ठूलो व्यवसाय गर्ने भए । तपाईंहरू पनि अहिले सानो तिनो व्यवसाय गर्दै हुनुहुन्छ भने पछि उहाँहरू जस्तै ठूलो व्यवसायी बन्न सक्नु हुनेछ ।" यसका लागि धैर्य, इमान्दारी, जोश र जागरका साथ काम गर्नुपर्ने उनको भनाइ थियो ।

"आर्थिक र सामाजिक रुपान्तरण गर्ने भनेर लघुवित्त आएका हुन्," चौधरीले भनिन्, "लघुवित्तको उद्देश्य अनुसार हिँड्नुहोस्, त्यसरी हिँड्दा कसैलाई पनि ठेस लाग्दैन । अन्यथा गन्तव्यमा पुग्न सकिदैन र लक्ष्यमा पुग्नुअघि नै लडिन्छ ।" उक्त विषयमा सहभागीहरूले पनि आ-आफ्ना समस्या र समाधानका उपायका बारेमा धारणा राखेका थिए । सहभागीहरुले लघुवित्तमा विकृति भित्रिएकाले त्यसलाई निराकरण गर्न आग्रह गरेका थिए । लघुवित्त सामाजिक विकासमा आधारित संस्था भएकाले स्वच्छ रूपमा लघुवित्त सञ्चालन हुनुपर्नेमा उनीहरूको जोड थियो ।

समूह ४: बहुबैंकिङ तथा ऋणको अतिभारबाट हुने नकरात्मक प्रभाव र बच्ने उपाय

सुधारको लागि समूह ४ को सिफारिस

१. आवश्यकता भन्दा बढी कर्जा लिने र बहुकर्जा लिनेको विवरण तयार गर्ने
२. उनीहरुको व्यवसायिक अवस्था बारे विवरण लिई संस्था र सदस्यलाई पर्ने जोखिमको विश्लेषण गर्ने र रेकर्ड राख्ने
३. बहुकर्जा दिने संस्थाहरुको बैठक गरी प्रत्येक बहुकर्जा लिने ऋणीको अवस्था र संभाव्य परिणामबारे समीक्षा गर्ने । यस बारे अन्य कर्जा दिने संस्थासंग पनि संयुक्त रुपमा समीक्षा गर्ने
४. बहुकर्जा लिने सदस्यलाई एक वा दुई संस्थामा आवद्ध हुन उत्प्रेरित गर्ने र दुई भन्दा बढी संस्थामा बसेमा अन्यको ऋण भुक्तानी गर्न लगाउने
५. अब देखि संस्थाहरुले ऋण दिंदा विपन्न समुदायलाई मात्र लक्षित गर्ने
६. सम्पन्न र धनीमानीलाई समावेश नगर्ने
७. विपन्नलाई क्षमतावृद्धि तालिम दिई क्षमता र आवश्यकता अनुसार ऋण दिंदा एकद्धार प्रणालीबाट मात्र गर्ने
८. कर्जा सूचना केन्द्रमा ऋणीहरुको तथ्याङ्क विवरण अद्यावधिक गर्ने र साख सूचना लिई मात्र कर्जा प्रदान गर्ने
९. लघुवित्तको सिद्धान्त, मूल्यमान्यता अनुसारको विधि बनाई मात्र कर्जा प्रवाह गर्ने
१०. हरेक संस्थाले कर्मचारी र सेवाग्राहीको आचरण मापदण्ड बनाई लागु गर्ने
११. बहुकर्जा र अत्यधिक कर्जाबाट हुने नोक्सानी बारे कर्मचारी र सेवाग्राहीलाई बोध गराउने
१२. आवश्यकता र क्षमता भन्दा बढी कर्जा दिने कर्मचारी र कर्जा दुरुपयोग गर्ने सदस्यलाई तुरन्त कारवाही गर्ने
१३. कर्जा सदुपयोगिता जाँचलाई नियमित र व्यवस्थित बनाउने
१४. संस्थाको स्रोत, साधन र क्षमता भित्र रही मात्र क्षेत्र र कर्जा विस्तार गर्ने
१५. सडकको पहुँच नभएका र अरु संस्थाले सेवा नदिएका क्षेत्रमा मात्र शाखा विस्तार गर्ने

आर्थिक विकासको साथै सामाजिक विकासमा पनि लघुवित्तको ध्यान जानुपर्छ

काठमाडौं । लघुवित्तले गरिब तथा विपन्न महिलाहरूको आर्थिक विकास र सशक्तिकरणका साथै समग्र सामाजिक विकासमा समेत महत्वपूर्ण भूमिका खेल्दै आएको लघुवित्तकर्मीहरूले बताएका छन् । कतिपय स्थानमा लघुवित्त कार्यक्रममार्फत समाजका विकृति विसंगतीको अन्त्य भएको पनि उनीहरूले बताएका छन् । काठमाडौंमा आयोजित दोस्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनमा विभिन्न जिल्लाबाट प्रतिनिधित्व गर्ने लघुवित्तकर्मीहरूले यस्तो बताएका हुन् । उनीहरूले लघुवित्त कार्यक्रमको प्रभावकै कारण महिलाहरूको मनोवल बढेको, महिला माथिको विभेद न्यूनीकरण हुँदै गएको, पुरुष बहुविवाहमा कमी आएको र दाइजो प्रथामासमेत कमी आएको बताएका छन् ।

झापाकी तारा बस्नेत आचार्यले लघुवित्त कार्यक्रम सञ्चालनपछि गाउँमा श्रीमान्ले कान्छी श्रीमती ल्याउने आँट गर्न नसक्ने अवस्था सिर्जना भएको र जाँड-रक्सी, जुवा-तासको पनि अन्त्य भएको बताइन् । बर्दियाकी रीता चौधरीले घरबाट बाहिर बोल्नै नसक्ने महिलाहरू लघुवित्त कार्यक्रमपछि जुनसुकै छलफल गर्न र नेतृत्वसमेत गर्न सक्षम भएको बताइन् भने अर्की लघुवित्तकर्मी नमिता श्रेष्ठले सामाज, घर परिवारबाट अपहेलित महिलालाई लघुवित्तले विश्वास गरेर लगानी गरी आत्मवल बढाएको बताइन् ।

सिन्धुपाल्चोकको सुशीला ढुंगानाले पनि लघुवित्त कार्यक्रम सञ्चालनपछि गाउँमा जाँड-रक्सीको कारोबार नै बन्द भएको बताइन् । महिलालाई घरबाट बाहिर निस्कन नदिने अवस्था लघुवित्तकै कारण अन्त्य भएको र महिला जागरण बढेको उनको भनाइ थियो । काभ्रेकी बुद्धिमाया लामाले घरबाट बाहिर निस्कन महिलाले अझै पनि ठूलै संघर्ष गर्नुपरिरहेको बताइन् । अझै होटलमा हुने कार्यक्रममा सहभागी हुँदा श्रीमान् तथा परिवार नकारात्मक सोचाइ राख्ने गरेको उनको गुनासो थियो । शंकाकै कारण कतिपयले त श्रीमती जाने कार्यक्रममा छोरीलाई साक्षीका रूपमा सँगै पठाउने गरेको पनि उनले बताइन् ।

त्यस्तै झापाकी सिल्पा पोखरेल भट्टराईले लघुवित्तमा लागेपछि श्रीमान्, घर-परिवार समाजबाट असहयोग मात्रै पाएको गुनासो गरिन् तर हाल व्यवसाय सञ्चालनपछि भने सबैबाट सहयोग प्रशंसा पाएको बताइन् । उनले भनिन्- "श्रीमान्ले कार्यक्रममा जाने भए उत्तै बस्नु, घर फर्कनुपर्दैन भन्नुहुन्थ्यो," गाउँलेहरू पनि अनेक कुरा काट्थे तर अहिले राम्रो व्यवहार गर्छन्, आफ्नी बुहारीहरूलाई पनि मेरोमै टेलरिङ सिक्न पठाउन थालेका छन् ।

सिन्धुपाल्चोकको लघुवित्तकर्मी कमला गिरीले लघुवित्त संस्थाकै कारण महिलाहरू सामाजिक रूपमा पनि सम्मानित अवस्थामा पुगेको बताइन् । उनले भूकम्पका कारण सून्य अवस्थामा पुगेकोमा पछि लघुवित्तबाट ऋण लिएर व्यवसायलाई पुनर्जीवन दिन सफल भएको बताइन् ।

कोहलपुरका लघुवित्तकर्मी मानबहादुर चौधरीले भने पुरुषमात्र नभई महिलाहरूको सोचमा पनि समस्या रहेको बताए । घरमा श्रीमती अशक्त वा बिरामी हुँदा पुरुषले खाना बनाउने, कपडा धुने कार्य गर्दा लघुवित्तकै महिला समूहका सदस्यले नै कुरा काट्ने गरेको उनले गुनासो गरे । कार्यक्रममा मनकुमारी राई, लक्ष्मी भुसाल खरेल, तारादेवी भुर्तेल, संगीताकुमारी यादवलगायतले आ-आफ्ना अनुभव सुनाएका थिए ।

त्यसो त लघुवित्त क्षेत्रमा विकृतिले पनि प्रश्रय पाइरहेको सहभागीहरूले बताएका छन् । कतिपय लघुवित्तकर्मीहरू लघुवित्तको मर्म र भावनाविपरीतका गतिविधिमा सलग्न हुने गरेकाले जोखिममा पर्ने गरेका छन् । खासगरी लघुवित्तकर्मीहरूमा बहुबैंकिङ कारोबार जटिल समस्याका रूपमा देखापरेको उनीहरूले बताएका छन् । जसका कारण कर्जा भुक्तानीमा समस्या हुने गरेको छ ।

यस्तो अवस्थालाई न्यूनीकरण गर्न लघुवित्त सदस्यहरू लागि पर्नु पर्ने उनीहरूले बताएका छन् । लघुवित्तद्वारा सामाजिक विकास किन र कसरी विषयक छलफल कार्यक्रममा लघुवित्त विज्ञहरू डा. सुमित्रा मानन्धर गुरुङ, प्रकाश राज शर्मा र गोविन्द बहादुर राउतले सहजीकरण गरेका थिए । उनीहरूका अनुसार लघुवित्त केवल कर्जा लगानीमा मात्रै केन्द्रित छैन ।

लघुवित्तका विभिन्न १६ वटा बुँदाहरु र चारवटा सिद्धान्तमा आधारित रहेर लघुवित्तले आर्थिक र सामाजिक लगायत बहुआयामिक भूमिका खेलिरहेको छ । लघुवित्तको आय आर्जनमा सहयोग, सम्पत्ति सिर्जना, जोखिम बहन क्षमताको विकास, सामाजिक पूँजी निर्माण र सशक्तिकरणमा महत्वपूर्ण भूमिका रहेको विज्ञहरूको भनाइ छ ।

समूह ५: लघुवित्तद्वारा सामाजिक विकास

सुधारको लागि समूह ५ को सिफारिस

१. आ-आफ्नो सदस्यहरुको वसोबास क्षेत्रमा भएको सामाजिक विकृति, विसंगति, कुसंस्कार, गैरकानुनी कार्यहरु र अन्धविश्वास बारे लेखा-जोखा गरी अवस्थाको विवरण (Status) प्रतिवेदन तयार गर्ने

२. सदस्यहरुलाई सामाजिक अनुशासन र मूल्यमान्यता बारे समय समयमा प्रशिक्षण दिने

३. सदस्यहरुमा जागरण ल्याउन प्रौढ जागरण शिक्षा संचालन गर्ने

४. बालस्वास्थ्य र मातृस्वास्थ्य बारे जन स्वास्थ कर्मचारीको सहयोग लिई सदस्यहरुलाई प्रशिक्षणको व्यवस्था गर्ने

५ आर्थिक क्षमता भएका संस्थाहरुले स्वास्थ कार्यकर्ताको भर्ना गरि स्वास्थ सेवा दिने

६. लघुवित्तको शाखाहरुमा रगतमा चिनीको मात्रा (Sugar Level) मापन एवं रगतको दवाव (Blood Pressure Level) नाप्ने मेसिन राखी जाँच गर्ने व्यवस्था गर्ने र यस बारे कर्मचारीहरुलाई तालिम दिने

७. समय समयमा स्वास्थ्य शिविरहरु संचालन गर्ने

८. स्थानीय संस्कृति जोगाउन युवा समूहलाई परिचालन गर्ने

९. स्थानीय युवा विदेश पलायन नहुन जागरण कार्यक्रम संचालन गर्ने

१०. युवा स्वरोजगारको कार्यक्रम संचालन गर्ने

११. वित्तीय रुपमा स्वसक्षम संस्थाहरुले सी.एस.आर. बाट बच्चाहरुको पूर्व स्कूल कक्षाहरु संचालन सहयोग गर्ने,

१२. पूर्ण साक्षर गाउँ/टोल निर्माणको अभियान चाल्ने,

१३. अति विपन्न परिवारको हितको लागि केन्द्रका सदस्यहरु र संस्था मिलेर सामूहिक कार्य गर्ने,

१४. वातावरणमैत्री गाउँ/टोल निर्माणको लागि आवश्यक सहकार्य गर्ने,

१५. स्थानीय सरकारमा प्रसाशनिक र निर्णय तहमा पहूँच बृद्धि गराउन केन्द्रका सदस्यहरुलाई प्रशिक्षित गर्ने,